# इटहरी उपमहानगरपालिकाको ह्यूम पाईप तथा बिद्यूत पोल खरिद सम्बन्धिको शिलबन्दि बोलपत्र आब्हानको ३० दिने सूचना ।

**प्रथम पटक प्रकाशित मिति: २०७३।०९।२०**

इटहरी उपमहानगरपालिका कार्यालयकोलागी ह्यूम पाईप तथा बिद्युत पोल खरिद गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त फर्म वा निर्माता वा निर्माता कम्पनीको अधिकृत बिक्रेताहरूबाट यो सूचनाको अधिनमा रही सिलबन्दि बोलपत्र पेश गर्न आब्हान गरिएको छ ।

**बोलपत्रका शर्तहरू** :

१. बोलपत्र फारम रू १०००। ( एक हजार) फिर्ता नहुने गरि तिरी यो सूचना प्रकाशित भएको मितिले ३० औ दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको योजना शाखाबाट खरिद गर्नु पर्ने छ। बोलपत्र फारम खरिद गर्दा निवेदन साथ अध्यावधिक नबिकारण भएको फर्मको इजाजत पत्र, आन्तरिक राजश्व कार्यालय मु.अ.कर दर्ता भएको प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न राख्नु पर्ने छ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औ दिन भित्र बोलपत्र खरिद गर्ने र ३१ औ दिन को १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ। दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरू सोही दिन ठीक २:०० बजे यसै कार्यालयमा बोलपत्रदाताहरू वा निजहरूको प्रतिनिधीहरूको रोहवरमा खोलिनेछ। सो समयमा बोलपत्रदाताहरू वा निजहरूको प्रतिनिधीहरूको उपस्थिति नभएपनि बोलपत्र खोल्न बाधा पर्नेछैन। उक्त दिनहरू सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन सोही समयमा ती कामहरू हुनेछन ।

३. बोलपत्र पेश गर्दा ह्यूमपाईपकोलागि रू ३७५००। अक्षरेपी सैतीस हजार पाच सय मात्र र बिद्युत पोलकोलागि रू ३७५००। अक्षरेपी सैतीस हजार पाच सय मात्र धरौटी बापत इटहरी उपमहानगरपालिका कार्यालयको नाममा रहेको ने.बै लि. इटहरीमा रहेको धरौटी खाता चल्ती हिसाब नं. ग–३□२३७५□५१–१३४१ मा नगद जम्मा गरि सो को सक्कल भौचर वा मान्यता प्राप्त बैकको ६ महिना म्याद भएको बिड वण्ड सक्कलै बोलपत्र साथ संलग्न गर्नु पर्ने छ।

४. आपूर्ति गर्नु पर्ने ह्यूमपाईप तथा बिद्युत पोल इटहरी उपमहानगरपालिकाको वडा नं. १ - २६ भित्र उपमहानगरपालिकाकाले तोकेको स्थानमा झार्नु पर्ने छ।

५. बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नभएको भनी लिखितरूपमा गरेको घोषणा बोलपत्रसाथ पेश गर्नु पर्नेछ।

६. बोलपत्र पेश गर्दा शिलबन्दि खाम बाहिर कार्यालयको नाम, कार्यको बिवरण र बोलपत्रदाता फर्मको नाम, ठेगाना र छाप लागेको हुनुपर्ने छ।

७. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने घटी वा बढी अंकवालालाई दिने वा नदिने सो सम्बन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

८. बोलपत्र शर्तरहीत, केरमेट नभएको, कार्यालयले उपलब्ध गराएको डकुमेन्टमा नै भरिएको, कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ।

९. समयमा प्राप्त नभएको, रीत नपुगेको, सूचनाको शर्त बिपरीत भएको बोलपत्रमाथि कारवाही हुनेछैन

१०. बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरूले कामको सम्बन्धमा राम्रोसंग बुझी बोलपत्र भरेको मानिनेछ।

११. बोलपत्र भर्दा दररेट केरमेट नगरी प्रष्ट रूपमा अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा दररेट भरेको फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

१२. बोलपत्र खरिद गर्ने वा बुझाउने अन्तिम दिन बिदा पर्न गएमा सो को भोलि पल्ट सो कार्यहरू हुनेछ।

१३. बोलपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयको योजना शाखामा सम्पर्क राखी बुझ्न सकिने छ।

१४. बोलपत्रमा दर रेट उल्लेख गर्दा भ्याट बाहेकको मुल्य उल्लेख गर्नु पर्नेछ।

१५. बोलपत्रदाताले कुनै पनि नक्कली कागजात पेश गरेको पाइएमा निज बोलपत्रदाताको बोलपत्र रद्द गरी कालोसूचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ.

१६. नियमानुसार नेपाल सरकारलाई लगायत अन्य लाग्ने कर दस्तुर आदि सम्पुर्ण बोलपत्रदाता फर्मले स्वयं वेहोर्नु पर्ने छ।

१७. एक फर्मको नाममा खरिद भएको बोलपत्र फारम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

१८. ह्यूप पाईप र बिद्युतपोलकोलागि अलग अलग बोलपत्र फारम खरिद गर्नु पर्ने छ।

१९. यस सूचनामा लेखिएका कुरा यसै बमोजिम र अन्य कुराका हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ र नेपाल सरकारको प्रचलित कानुन अनुसार हुने छ।

प्रमुख एवं कार्यकारी अधिकृत
इटहरी उपमहानगरपालिका कार्यालय